# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ८, मिति २०८१ माघ २३ गते


## भाग-२
## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बौदीकाली गाउँपालिकाको महिला स्वास्थ्य स्वयंसेविका यातायात रकम प्रदान सम्बन्धी कार्यविधि, २०८१**

**प्रस्तावना :**

समुदायमा रही स्वास्थ्यका बिभिन्न कार्यक्रमहरु सम्पन्न गर्नका लागि योगदान गर्नुहुने महिला स्वास्थ्य स्वयंसेविकाहरुको योगदानको कदर गर्दै नेपाल सरकारले आ.ब.२०७१/०७२ स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन २०७६) बुँदा २.३.२ को (ङ) अनुसारको बुँदाहरु बमोजिम गर्नका लागि यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

**परिच्छेद १**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम **"बौदीकाली गाउँपालिकाको महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई यातायात रकम प्रदान गर्ने कार्यविधि, २०८१"** रहने छ ।

ख. यो कार्यविधि मिति २०८१/०४/०१ गते देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका सम्झनु पर्छ ।

ख. "गाउँकार्यपालिका" भन्नाले बौदीकाली गाउँकार्यपालिका सम्झनु पर्छ ।

ग. "स्वास्थ्य कर्मचारी" भन्नाले बौदीकाली गाउँकार्यपालिकाको मातहतका स्वास्थ्य संस्थामा स्थाई कर्मचारी र सेवा करारका स्वास्थ्य कर्मचारी सम्झनु पर्छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बौदीकाली गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ङ. "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले बौदीकाली गाउँपालिका अन्तर्गत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्झनु पर्छ ।

च. यो कार्यविधि मिति २०८१/०४/०१ देखि लागु हुनेछ ।

## परिच्छेद २

**३. उद्देश्य :**

निशुल्क महिला स्वास्थ्य स्वयंसेविकाहरुले समुदायमा रहि गरेको कामहरुको विवरण हरेक महिनाको अन्तमा स्वास्थ्य संस्थामा उपलब्ध गराउने । समुदाय स्वास्थ्यका लक्ष्यहरु पुरा गरि स्वास्थ्य सूचकहरुमा सुधार ल्याउने । नियमित खोप कार्यक्रमलाई सशक्त बनाउदै लैजाने ।

**४. लक्ष्य :**

महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको रिपोर्टिङलाई नियमित बनाउने र खोपकार्यक्रमा लगायत समुदाय स्तरका स्वास्थ्य कार्यक्रमहरु प्रभाबकारी बाउने लक्ष रहेको छ ।

**५. क्रियाकलाप :**

क. मासिक बैठक महिनाको अन्तिम हप्ता सम्बन्धित स्वास्थ्य सस्थाले तोके बमोजिम हुनेछ ।

ख. बैठकमा मासिक रिपोर्ट पेश गर्नुपर्ने छ ।

ग. हरेक नियमित खोप सेसन मा उपस्तिथ भई आवस्यक सहयोग गर्नेछ ।

घ. समुदाय स्तरका हरेक स्वास्थ्य कार्यक्रमहरुलाई सहयोग गर्नेछ ।

**६ सेवा सुबिधा :**

क. स्वयंसेवकको रुपमा काम गरेको हुदा सम्मान स्वरूप स्थानीय सरकारले बजेट ब्यबस्था गरि कम्तिमा मासिक रु.१०००/- (एक हजार रुपैया) प्रोत्साहन रकम प्रदान गर्ने सकिनेछ ।

ख. स्थानीय सरकार बाट बजेट ब्यबस्था गरि उक्त प्रोत्साहन रकममा समयानुकुल वृद्धि गर्न सकिनेछ ।

ग. आ.ब. को अन्त्यमा स्वास्थ्य संस्थाको बैठक उपस्थितिको प्रतिबेदन सहितको सिफारिस अनुसार उक्त रकम एकमुष्ठ भुक्तान गरिनेछ ।

७. रकम भुक्तानीको लागि आवश्यक कागजातहरु :

क. महिला स्वास्थ्य स्वयंसेविकाहरुको मसिक बैठकको उपस्थिति ।

ख. महिला स्वास्थ्य स्वयंसेविकाहरुको वार्षिक कार्य प्रगति विवरण ।

ग. वडा स्तरीय स्वास्थ्य संस्थाबाट सिफारिस पत्र ।

८. यो यातायात रकम स्वास्थ्य शाखाको सिफारिस र प्रमुख प्रशासकीय अधिकृतको टोक आदेशबाट भुक्तानी हुनेछ ।

प्रमाणीकरण मिति : २०८१/०४/२०

आज्ञाले
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका